# गुल्मीदरबार गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## गौडाकोट, गुल्मी

लुम्बिनी प्रदेश

च.नं. :
पत्र संख्या : २०७९/०८०

गुल्मीदरबार गाउँपालिका कार्यालय गौडाकोट गुल्मी लुम्बिनी प्रदेश, नेपाल

**आन्तरिक आय तर्फको सिलबन्दी दरभाउ आह्वान सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०७९/०४/२५)

स्थानीय सरकार संचालन ऐन २०७४, को दफा ६२क. र यस गुल्मीदरबार गाउँपालिकाको आर्थिक ऐन, २०७९ को दफा ७ तथा लुम्बिनी प्रदेशको आर्थिक ऐन, २०७९ को दफा ८ को व्यवस्था बमोजिम तपशिलमा उल्लिखित नदीहरुको स्वीकृत ठाउँहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी साथै गुल्मीदरबार क्षेत्र भित्रका कवाडी जन्य वस्तुको निकासी गरी गुल्मीदरबार गाउँपालिका तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्र प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरु अधिनमा रही वोलपत्र प्रकृतामा सहभागी हुन सम्बन्धी सबैको जानकरी लागि यो सूचना प्रकाशन गरिएकोछ ।

**आ.व.२०७९/०८० को आन्तरिक आय ठेक्का विवरणः**

| सि. नं. | सिलबन्दी दरभाउपत्र नं. | सिलबन्दी दरभाउपत्रको नाम | उत्खनन् परिमाण (घन फिट) | न्यूनतम शिलबन्दी अङ्क(सेवाशुल्क र मू.अ.कर बाहेक) | सिलबन्दी दस्तुर(रु) | धरौटी रकम |
|---|---|---|---|---|---|---|
| १. | GDRM/IR/SQ-01/2079/080 | गुल्मीदरबार गाउँपालिकाको वडा नं.१ को खौवा घाट, मालेबगर क्षेत्र र वडा नं २ को घोराहाफाँट वगर क्षेत्रबाट ढुङ्गा, गिट्टी, वालुवा, रोडा आदिको निकासी | १,२३,४१५.२५ घ.फिट | रु. ७,४०,४९२.०० | रु.१,००० | रु.१९,००० |
| २. | GDRM/IR/SQ-02/2079/080 | गुल्मीदरबार गाउँपालिकाक क्षेत्र भित्रका फलाम, सिसा, कागज लगायतका अन्य कवाडी जन्य वस्तुको निकासी | . | रु.१,५०,०००.०० | रु.१,००० | रु.४,०००/- |

**ठेक्का नं. GDRM/IR/SQ-01/ 2079/080 सम्बन्धी शर्तहरुः**

१. दरभाउ पत्र खरिद गर्न इच्छुक फर्म वा कम्पनीहरुले दरभाउ पत्र खरिद गर्नको लागि व्यवसाय, फर्म दर्ता प्रमाणपत्र प्रतिलिपी (नविकरण सहित), आ.व. २०७८/७९ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर, मु.अ.कर प्रमाणपत्रको प्रतिलिपि र नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि सहित कार्यालय समयमा म्याद भित्र दरभाउ पत्र फारम खरिद गर्न सकिनेछ ।

२. ठेक्का अवधि ठेक्का नं. आ.व. २०७९/०८० जेष्ठ मसान्त सम्म रहनेछ । बन्द, हडताल, प्राकृतिक प्रकोप वा अन्य, कुनै विशेष परिस्थितिका कारण काम सूचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दावी गर्न पाइने छैन् । IEE प्रतिवेदनले निषेध गरेको अवधि तथा नदी क्षेत्रबाट सामग्री उत्खनन गर्न

गुल्मीदरबार गाउँ कार्यपालिकाको कार्यालय गौडाकोट गुल्मी लुम्बिनी प्रदेश नेपाल

पाईने छैन । तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामग्री नियमानुसार विक्री तथा निकासी गर्न सकिने छ ।

३. कबुल अंकको थप मुल्य अभिवृद्धि कर १३% राजश्व ठेक्का लिने फर्मले सम्बन्धीत आन्तरिक राजश्व कार्यालय र १.५% अग्रिम आय कर कोष तथा लेखा नियन्त्रक कार्यालयको राजश्व खातामा बुझाई सो को सक्कल भौचर यस कार्यालयमा पेश गर्नु पर्ने छ ।

४. सिलबन्दी दरभाउ पत्रको दस्तुर रु. १,०००.०० यस कार्यालयको Global IME Bank गौंडाकोटमा रहेको आन्तरिक राजस्व खाता नं. C604010000007 मा नगद दाखिला गरेको भौचर दरभाउ पत्र साथ संलग्न गरी पेश गर्नु पर्ने छ।

५. धरौटी बापतको रकम रु. १९,०००.०० यस कार्यालयको Global IME Bank गौंडाकोटमा रहेको धरौटी खाता नं. C604010000004 मा नगद दाखिला गरेको सक्कल भौचर वा नेपाल सरकारको मान्यता प्राप्त वाणिज्य बैंकबाट मान्य हुने बैंक जमानत (विडवण्डको सक्कल प्रति) दरभाउ पत्र दाखिला गर्ने अन्तिम मितिबाट (४५+३०) दिन सम्म म्याद भएको दरभाउ पत्र साथ संलग्न गरी पेश गर्नु पर्ने छ ।

६. रित नपुगी आएको दरभाउ पत्र उपर कुनै कारवाही हुने छैन् ।

७. उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको मितिले पन्धौं दिन (मिति २०७९/०५/०८) सम्म कार्यालय समय भत्र दरभाउ पत्र खरिद गरी (मिति २०७९/०५/०९) दिनको १२ बजे भित्र यस कार्यालयमा सिलबन्दी सहित बुझाउनु पर्ने छ । प्राप्त बोलपत्रहरु सोहि दिन दिनको २ बजे गाउँपालिकाको कार्यालयमा खोलिने छ।

८. कबोल रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ।

९. कुनै किसिमको परिस्थिती देखाई ठेक्का रकम मिनाह सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुने छैन।

१०. प्रचलित ऐन, नियम, कानुन, सम्झौता र सूचनाको शर्त विपरित कार्य गरेमा जुनसुकै अवस्थामा कार्यालयले ठेक्का तोड्न सक्ने छ, र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकि सरह असूल उपर गरिने छ ।

११. यस कार्यालयमा पेश हुन आएका दरभाउ पत्र, दरभाउ पत्र दाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिने छ तर दरभाउ पत्र दाता वा निजको प्रतिनिधी सो समयमा उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

१२. ढुङ्गा, गिट्टी, बालुवा, रोडा जन्य बस्तु आदिको संकलन उत्खन्न तथा निकासीका सम्बन्धमा जिल्ला स्तरीय अनुगमन समिति, गुल्मीदरबार गाउँपालिकाले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नु पर्नेछ ।

१३. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने, उल्लेख नभएका विषयमा प्रचलित ऐन, कानुन तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुने छ । ठेक्कामा कुनै विवाद भएमा गुल्मीदरबार गाउँपालिका कार्यालयको कार्यपालिकाको निर्णय अन्तिम हुने छ ।

१४. दरभाउ पत्र स्वीकृत गर्ने, नगर्ने वा रद्द गर्ने सम्बन्धी अधिकार गाउँपालिकामा निहित रहने छ ।

१५. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयको फोन नं. ९८५७०६७९१२ र ९५७०८५२१४ मा सम्पर्क राख्न सकिने छ ।

**ठेक्का नं. GDRM/IR/SQ-02/ 2079/080 सम्बन्धी शर्तहरु:**

१. दरभाउ पत्र खरिद गर्न इच्छुक फर्म वा कम्पनीहरुले दरभाउ पत्र खरिद गर्नको लागि व्यवसाय, फर्म दर्ता प्रमाणपत्र प्रतिलिपी (नविकरण सहित), आ.व. २०७८/७९ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर, मु.अ.कर प्रमाणपत्रको प्रतिलिपि र नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि सहित कार्यालय समयमा म्याद भित्र दरभाउ पत्र फारम खरिद गर्न सकिनेछ ।

२. ठेक्का अवधि ठेक्का नं. आ.व. २०७९/०८० असार मसान्त सम्म रहनेछ । बन्द, हडताल, प्राकृतिक प्रकोप वा अन्य, कुनै विशेष परिस्थितिका कारण काम सूचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दावी गर्न पाइने छैन् । IEE प्रतिवेदनले निषेध गरेको अवधि तथा नदी क्षेत्रबाट सामग्री उत्खनन गर्न पाईने छैन । तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामग्री नियमानुसार विक्री तथा निकासी गर्न सकिने छ ।

३. कबुल अंकको थप मुल्य अभिवृद्धि कर १३% राजश्व र १.५% अग्रिम आय कर यस कार्यालयको आन्तरिक राजश्व खातामा बुझाई सो को सक्कल भौचर यस कार्यालयमा पेश गर्नु पर्ने छ ।

४. सिलबन्दी दरभाउ पत्रको दस्तुर रु. १,००० यस कार्यालयको Global IME Bank गौंडाकोटमा रहेको आन्तरिक राजस्व खाता नं. C604010000007 मा नगद दाखिला गरेको भौचर दरभाउ पत्र साथ संलग्न गरी पेश गर्नु पर्ने छ।

५. धरौटी बापतको रकम रु. ४,०००.०० यस कार्यालयको Global IME Bank गौंडाकोटमा रहेको धरौटी खाता नं. C604010000004 मा नगद दाखिला गरेको सक्कल भौचर वा नेपाल सरकारको मान्यता प्राप्त वाणिज्य बैंकबाट मान्य हुने बैंक जमानत (विडवण्डको सक्कल प्रति) दरभाउ पत्र दाखिला गर्ने अन्तिम मितिबाट (४५+३०) दिन सम्म म्याद भएको दरभाउ पत्र साथ संलग्न गरी पेश गर्नु पर्ने छ ।

# गुल्मीदरबार गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## गौडाकोट, गुल्मी

लुम्बिनी प्रदेश

च.नं. :

पत्र संख्या : २०७९/०८०

६. रित नपुगी आएको दरभाउ पत्र उपर कुनै कारवाही हुने छैन् ।

७. उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको मितिले पन्धौं दिन (मिति २०७९/०५/०८) सम्म कार्यालय समय भत्र दरभाउ पत्र खरिद गरी (मिति २०७९/०५/०९) दिनको १२ बजे भित्र यस कार्यालयमा सिलबन्दी सहित बुझाउनु पर्ने छ । प्राप्त बोलपत्रहरु सोहि दिन दिनको २ बजे गाउँपालिकाको कार्यालयमा खोलिने छ।

८. कबोल रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ।

९. कुनै किसिमको परिस्थिती देखाई ठेक्का रकम मिनाह सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुने छैन।

१०. प्रचलित ऐन, नियम, कानुन, सम्झौता र सूचनाको शर्त बिपरित कार्य गरेमा जुनसुकै अबस्थामा कार्यालयले ठेक्का तोड्न सक्ने छ, र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकि सरह असूल उपर गरिने छ ।

११. यस कार्यालयमा पेश हुन आएका दरभाउ पत्र, दरभाउ पत्र दाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिने छ तर दरभाउ पत्र दाता वा निजको प्रतिनिधी सो समयमा उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

१२. कवाडी जन्य वस्तु संकलन सम्बन्धमा गुल्मीदरबार गाउँपालिकाले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नु पर्नेछ ।

१३. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने, उल्लेख नभएका विषयमा प्रचलित ऐन, कानुन तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुने छ । ठेक्कामा कुनै विवाद भएमा गुल्मीदरबार गाउँपालिका कार्यालयको कार्यपालिकाको निर्णय अन्तिम हुने छ ।

१४. दरभाउ पत्र स्वीकृत गर्ने, नगर्ने वा रद्द गर्ने सम्बन्धी अधिकार गाउँपालिकामा निहित रहने छ ।

१५. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयको फोन नं. ९८५७०६७९१२ र ९५७०८५२१४ मा सम्पर्क राख्न सकिने छ।

प्रमुख प्रशासकीय अधिकृत

लक्ष्मण पाण्डे
प्रमुख प्रशासकीय अधिकृत